स्वीकृति मितिः २०८३ असोज ८ गते बिहिबार

# रसुवा बाढी दाबी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि, २०८३

प्रस्तावनाः संवत् २०८३ साल भाद्र १० गते ल्हेन्दे खोला- भोटेकोशी- त्रिशूली- नारायणी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका जिल्लामा बीमित सम्पत्ति, सवारी साधन, परियोजना, व्यापारिक मौज्दात तथा मानवीय क्षतिको कारण बीमकसमक्ष पर्न आएका बीमा दावीलाई शीघ्र, सरल, पारदर्शी, व्यवस्थित तथा प्रभावकारी रूपमा फछ्यौंट गर्न आवश्यक भएकोले,

बीमा नियमावलीको नियम ९२ को उपनियम (५) को व्यवस्था कार्यान्वयन गर्नको लागि बिमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले देहायको संक्षिप्त कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "रसुवा बाढी दाबी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अधिकारप्राप्त निकाय" भन्नाले घटना, क्षति, मृत्यु वा बेपत्ता भएको सम्बन्धमा प्रमाणित गर्ने अधिकार प्राप्त निकाय वा अधिकारी सम्झनु पर्छ।

(ख) "प्राधिकरण" भन्नाले बिमा प्राधिकरण सम्झनु पर्छ।

(ग) "रसुवा बाढी" भन्नाले संवत् २०८३ साल भाद्र १० गते ल्हेन्दे खोला- भोटेकोशी- त्रिशूली- नारायणी नदी प्रणालीमा आएको बाढी सम्झनु पर्छ।

३. कार्यविधि लागू हुनेः यो कार्यविधि संवत् २०८३ साल भाद्र १० गते आएको रसुवा बाढीका कारण क्षति भएका बीमित सम्पत्ति, परियोजना, मानवीय क्षति, बीमित सम्पत्ति, सवारी साधन, परियोजना, व्यापारिक मौज्दात र सो रसुवा बाढी आउनु भन्दा अगावै जारी भई जोखिम बहनमा रहेका बीमालेख अन्तर्गतका दाबीमा मात्र लागू हुनेछ।

## परिच्छेद-२

## दाबीको सूचना, निरीक्षण तथा क्षति मूल्याङ्कन

४. दाबीको सूचनाः (१) बीमितले रसुवा बाढीका कारण भएको क्षतिको जानकारी बीमकलाई लिखित वा मौखिक रूपमा यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त सूचना बीमकले अभिलेख गरी दाबी नम्बर उपलब्ध गराउने तथा दाबी फछ्र्यौटको आवश्यक प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

५. सर्भेयर नियुक्तिः (१) बीमकले बीमितबाट दाबीको सूचना प्राप्त भएपछि क्षतिको यकिन गरी मूल्याङ्कन गर्नका लागि प्रचलित कानून, प्राधिकरणले निर्धारण गरेको मापदण्ड र प्राधिकरणबाट लागु भएको सर्भेयर खटाउने प्रणाली बमोजिम दाबी सर्भे तथा क्षति मूल्याङ्कन गर्न इजाजतपत्र प्राप्त व्यक्तिलाई सर्भेयर नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायबमोजिमका व्यक्तिलाई सर्भेयर नियुक्ति गर्न सकिने छैनः-

(क) बीमकको कर्मचारी वा सञ्चालक समितिको सदस्य वा त्यस्तो कर्मचारी वा सदस्यको एकाघर परिवारको सदस्य,

(ख) बीमितको एकाघर परिवारको सदस्य,

(ग) सम्बन्धित दाबीबाट प्रत्यक्ष वा अप्रत्यक्ष वित्तीय स्वार्थ रहेको।

६. सर्भे तथा क्षति मूल्याङ्कनः (१) दफा ५ बमोजिम नियुक्त भएको सर्भेयरले बीमितबाट दाबीसम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि क्षतिको स्थलगत निरीक्षण, आवश्यक प्रमाण संकलन तथा क्षति मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रसुवा बाढीबाट भएको भौतिक क्षति तत्काल निरीक्षण वा मूल्याङ्कन गर्न सम्भव नभएको अवस्थामा उपलब्ध फोटो, भिडियो, डिजिटल अभिलेख, सरकारी वा आधिकारिक अभिलेख, बीमितका वित्तीय अभिलेख वा अन्य विश्वसनीय प्रमाणका आधारमा क्षति मूल्याङ्कन गर्न सकिनेछ।

(३) सर्भेयरले दाबी फछ्र्यौटका लागि आवश्यक पर्ने कागजात तथा थप प्रमाणको सूची बीमितलाई स्पष्ट रूपमा उपलब्ध गराउनु पर्नेछ।

(४) सर्भेयरले प्राप्त कागजात तथा प्रमाणका आधारमा यथासम्भव प्रारम्भिक तथा अन्तिम क्षति मूल्याङ्कन प्रतिवेदन बीमकसमक्ष पेश गर्नु पर्नेछ।

७. <u>बीमकले स्वयं निरीक्षण गरी दाबी फछ्र्यौट गर्न सक्ने:</u> (१) दाबीको प्रकृति सरल भएको, प्राविधिक जटिलता नरहेको तथा क्षतिको यकिन गर्न पर्याप्त आधार तथा प्रमाण उपलब्ध भएको अवस्थामा बीमकले आफ्नै कर्मचारीमार्फत क्षतिको स्थलगत निरीक्षण, आवश्यक प्रमाण संकलन तथा क्षति मूल्याङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा अधिकतम पाँचलाख रूपैयाँसम्मको दाबी बीमकले सर्भेयर नियुक्त नगरी प्रचलित कानून तथा बीमालेखका शर्तको अधिनमा रही स्वयं फछ्र्यौट गर्न सक्नेछ।

(३) बीमकले स्वयं निरीक्षण गरी दाबी फछ्र्यौट गर्दा निरीक्षण प्रतिवेदन, क्षतिको फोटो तथा आवश्यक प्रमाण संकलन गरी सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद-३

## <u>दाबी फछ्र्यौटका लागि आवश्यक कागजात</u>

८. <u>मोटर बीमा दाबी:</u> बीमकले रसुवा बाढीबाट सवारी साधनमा भएको क्षतिको दाबी फछ्र्यौटका लागि दाबीको प्रकृति र अवस्था अनुसार देहायका कागजात माग गर्न सक्नेछ:-

(क) दाबी निवेदन,

(ख) बीमालेख (उपलब्ध भएसम्म),

(ख) दाबी फाराम,

(ग) क्षतिग्रस्त सवारी साधन पहिचान हुने फोटो तथा सम्भव भएसम्म इन्जिन नम्बर वा च्यासिस नम्बर देखिने फोटो,

(घ) सवारी साधन रसुवा बाढीमा परेको वा क्षति भएको पुष्टि गर्ने अधिकार प्राप्त निकायबाट जारी प्रमाण वा अन्य विश्वसनीय प्रमाण,

(ङ) क्षतिको अनुमानित रकम खुल्ने कोटेशन वा अन्य मूल्याङ्कनसम्बन्धी कागजात,

(च) सवारी साधन दर्ता प्रमाणपत्र वा दर्ता किताबको प्रतिलिपि,

(छ) चालकको सवारी चालक अनुमतिपत्र (आवश्यक परेको अवस्थामा),

(ज) चालक फेला नपरेको वा चालकसम्बन्धी प्रमाण उपलब्ध हुन नसकेको अवस्थामा अख्तियार प्राप्त निकायबाट प्राप्त प्रमाण वा सिफारिस,

(झ)मृत्यु भएको दाबीको हकमा मृतकसँगको नाता प्रमाणित हुने कागजात,

(ञ) दाबी रकम प्राप्त गर्ने व्यक्ति वा संस्थाले घटनाको सत्यतथ्य सम्बन्धमा गरेको स्वघोषणा तथा भविष्यमा दाबीसम्बन्धी तथ्य अन्यथा प्रमाणित भएमा कानूनबमोजिम कारबाही स्वीकार गरी प्राप्त दावी रकम बीमकलाई फिर्ता गर्ने कबुलियतनामा तथा क्षतिपूर्ति असुली अधिकार हस्तान्तरण पत्र (Subrogation Letter) ।

९. <u>सम्पत्ति, दुर्घटना, परियोजना तथा परिवहन बीमा दाबी:</u> सम्पत्ति, दुर्घटना, परियोजना तथा परिवहन बीमा अन्तर्गतको दाबी फछ्र्योटका लागि दाबीको प्रकृति तथा बीमालेखका शर्तअनुसार देहायका कागजात माग गर्न सकिनेछ:-

(क) दाबी निवेदन,

(ख) बीमालेख, (उपलब्ध भएसम्म)

(ख) दाबी फाराम,

(ग) क्षति भएको सम्पत्तिको क्षति हुनुअघिको उपलब्ध फोटो र रसुवा बाढीपश्चात वर्तमान अवस्थाको फोटो,

(घ) रसुवा बाढीबाट भएको क्षति पुष्टि गर्ने अधिकारप्राप्त निकायबाट जारी प्रमाणपत्र वा अन्य विश्वसनीय प्रमाण,

(ङ) रसुवा बाढी आउनु अघि दाबी गरिएको स्थानमा सम्बन्धित सम्पत्ति रहेको पुष्टि हुने देहायका मध्ये कुनै कागजात:

(अ) नक्सा पास प्रमाणपत्र,

(आ) सम्पत्ति कर तिरेको रसिद,

(इ) बिजुली वा खानेपानी जडान भएको प्रमाण,

(ई) VAT File/Record,

(उ) सम्बन्धित बैंकमा रहेको Valuation Report वा Stock Declaration,

(ऊ) Audited Financial Statements/Balance Sheet,

(ए) स्टक रजिस्टर वा अन्य आधिकारिक अभिलेख।

(च) बीमित व्यक्ति घटना भएको समयमा सम्बन्धित स्थानमा कार्यरत रहेको पुष्टि हुने आधिकारिक कागजात,

(छ) दाबी रकम प्राप्त गर्ने व्यक्ति वा संस्थाको स्वघोषणा तथा भविष्यमा दाबीसम्बन्धी तथ्य अन्यथा प्रमाणित भएमा दाबी रकम बीमकलाई फिर्ता गर्ने कबुलियतनामा तथा क्षतिपूर्ति असुली अधिकार हस्तान्तरण पत्र (Subrogation Letter),

(ज) परियोजना तथा निर्माणसम्बन्धी दाबीमा Bill of Quantity (BOQ), पछिल्लो Interim Payment Certificate (IPC), मूल्याङ्कन प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात,

(झ) परिवहन तथा आयातसम्बन्धी दाबीमा Letter of Credit (L/C), Telegraphic Transfer (TT), प्रज्ञापनपत्र, Proforma Invoice, Invoice तथा अन्य सम्बन्धित कागजात।

१०. <u>कागजातको सूची उपलब्ध गराउनु पर्नेः</u> (१) बीमकले दाबी फछ्र्यौटका लागि आवश्यक कागजातको सूची बीमितलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची उपलब्ध हुन नसक्ने वा रसुवा बाढीका कारण नष्ट भएका कागजातका हकमा त्यस्ता कागजात पुष्टि हुने सरकारी, संस्थागत वा विद्युतीय प्रमाणलाई स्वीकार गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कागजात उपलब्ध हुन नसकेको अवस्थामा समेत बीमकले वास्तविक क्षति पुष्टि भएको आधारमा दाबी स्वीकार गर्न सक्नेछ।

## परिच्छेद-४

## पुनर्बीमा तथा पेश्की दाबी भुक्तानी

११. पुनर्बीमा सम्बन्धी व्यवस्था: (१) बीमकले सम्बन्धित पुनर्बीमा कम्पनीलाई दाबीसम्बन्धी आवश्यक सूचना तथा कागजात प्रचलित पुनर्बीमा सम्झौता तथा लागू शर्तबमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) पुनर्बीमा कम्पनीले सर्भेयरको प्रारम्भिक प्रतिवेदन तथा अन्य उपलब्ध प्रमाणका आधारमा बीमकलाई अनुमानित दायित्वको पचास प्रतिशतसम्म पेश्की रकम उपलब्ध गराउनु पर्नेछ।

१२. आंशिक दाबी तथा पेश्की रकम: (१) सर्भेयरको प्रारम्भिक मूल्याङ्कन वा अन्य उपलब्ध प्रमाणका आधारमा बीमकको अनुमानित दायित्व निर्धारण भएको अवस्थामा बीमकले बीमितलाई अनुमानित दायित्वको बढीमा पचास प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अग्रिम भुक्तानी गरिएको रकम अन्तिम दाबी फछ्र्यौटमा समायोजन गरिनेछ।

(३) सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दर्ता भई सञ्चालनमा रहेको सवारी साधन रसुवा बाढीले बगाई पूर्ण रूपमा क्षति भएको यकिन भएमा बीमकले तत्काल बीमितलाई बीमाङ्क वा सवारी साधनको प्रचलित बजार मूल्य मध्य बढी रकमको पचास प्रतिशतसम्म अग्रिम भुक्तानी गर्नु पर्नेछ।

(४) अग्रिम भुक्तानी भएको दावीमा बाँकी दाबी रकम सवारी साधनको दर्ता खारेजी प्रमाणपत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट प्राप्त गरी बीमकसमक्ष पेश गरेको मितिले सात दिनभित्र भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-५

## विशेष व्यवस्था

१३. दाबीको सूचना दिने हदम्याद: यस कार्यविधिअन्तर्गतको क्षतिको दाबीको प्रारम्भिक सूचना दिनका लागि सामान्य हदम्यादका कारण मात्र दाबी अस्वीकार गर्न पाइनेछैन।

१४. प्रहरी प्रतिवेदन सम्बन्धी व्यवस्था: सम्बन्धित प्रहरी कार्यालयबाट आवश्यक कागजात प्राप्त हुने अवस्था नरहेमा रसुवा बाढीबाट भएको क्षति पुष्टि हुने अन्य सरकारी वा

अधिकार प्राप्त निकायबाट जारी कागजात वा विश्वसनीय प्रमाणका आधारमा दावी फछ्र्यौट गर्न सकिनेछ।

१५. <u>आयातको क्रममा रहेका सवारी साधनको दाबी:</u> (१) भन्सार कार्यालयको यार्ड, बाटो, सम्बन्धित बीमितको गोदाम वा अन्य स्वीकृत स्थानमा आयातको क्रममा रहेका सवारी साधन र यातायात व्यवस्था कार्यालयमा दर्ता भइनसकेका सवारी साधनको मोटर बीमा तथा परिवहन बीमा गरिएको रहेछ भने यस कार्यविधिबमोजिम बीमा दावी फछ्र्यौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका सवारी साधनको दावी फछ्र्यौटका क्रममा सम्बन्धित सवारी साधनको VIN (Vehicle Identification Number) स्पष्ट रूपमा अभिलेख गर्नु पर्नेछ र सो VIN भएको सवारी साधन भविष्यमा कुनै पनि यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने सुनिश्चित गरी पूर्ण दावी भुक्तानी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गर्न आवश्यक सहजीकरण प्राधिकरणले गर्नेछ।

१६. <u>क्षति पुष्टि गर्ने प्रमाण सम्बन्धी व्यवस्था:</u> (१) रसुवा बाढीपश्चात् क्षतिग्रस्त सम्पत्तिको भौतिक निरीक्षण वा मूल्याङ्कन गर्न सम्भव नभएको अवस्थामा क्षति हुनुअघिका उपलब्ध फोटो, भिडियो, विद्युतीय अभिलेख वा अन्य विश्वसनीय प्रमाणलाई आधार मानी क्षति मूल्याङ्कन गर्न सकिनेछ।

(२) स्टक वा मौज्दातको भौतिक मूल्याङ्कन सम्भव नभएको अवस्थामा देहायका प्रमाणमध्ये उपलब्ध तथा विश्वसनीय कुनै एक प्रमाणका आधारमा क्षतिको मूल्याङ्कन गर्न सकिनेछ:-

(क) कम्तीमा दुई आर्थिक वर्षमा तिरेको सरकारी करसम्बन्धी अभिलेख,

(ख) आधिकारिक निकायबाट प्रमाणित कारोबार विवरण,

(ग) सम्बन्धित निकायमा बीमितले घोषणा गरेको स्टक वा मौज्दात विवरण,

(घ) Audited Financial Statements/Report,

(ङ) Stock Register,

(च) बैंक तथा वित्तीय संस्थामा पेश गरिएको Stock Statement,

(छ) VAT/करसम्बन्धी अभिलेख, वा

(ज) अन्य विश्वसनीय आधिकारिक अभिलेख।

(३) रसुवा बाढीका कारण भौतिक कागजात नष्ट भएको अवस्थामा ती कागजातको पुष्टि हुने Electronic Record, वा कारोबारको प्रमाण वा सरकारी वा संस्थागत डिजिटल अभिलेखलगायतका प्रमाणलाई आधार मानी दाबी फछ्र्यौट गर्न सकिनेछ।

१७. <u>बेपत्ता व्यक्तिको दाबी:</u> (१) रसुवा बाढीमा परी बेपत्ता भएका व्यक्तिको सम्बन्धमा सम्बन्धित व्यक्ति सोही बाढीमा परी मृत्यु भएको यकिन हुने गरी अधिकार प्राप्त निकायबाट सिफारिस वा अन्य विश्वसनीय प्रमाणको आधारमा सम्बन्धित बीमालेखको अधिनमा रही दाबी फछ्र्यौट गर्न सकिनेछ।

(२) बेपत्ता व्यक्तिको दाबी भुक्तानी गर्दा दाबी रकम प्राप्त गर्ने हकवालाबाट घटनाको सत्यतथ्य सम्बन्धमा स्वघोषणा तथा भविष्यमा तथ्य अन्यथा प्रमाणित भएमा कानूनबमोजिम कारबाही स्वीकार गरी प्राप्त रकम बीमकलाई फिर्ता गर्ने कबुलियतनामा र क्षतिपूर्ति असुली अधिकार हस्तान्तरण पत्र (Subrogation Letter) समेत लिनु पर्नेछ।

१८. <u>विदेशी नागरिकको दाबी भुक्तानी:</u> मृतक व्यक्ति विदेशी नागरिक भएको अवस्थामा प्रचलित कानून तथा सम्बन्धित बीमालेखको अधीनमा रही सम्बन्धित देशको दूतावास मार्फत कानूनबमोजिमको हकवालामार्फत नेपाली रुपैयाँमा क्षतिपूर्ति रकम भुक्तानी गर्नु पर्नेछ।

परिच्छेद-६

<u>दाबी रकम निर्धारण तथा फछ्र्यौट</u>

१९. <u>क्षतिपूर्ति रकमको मूल्याङ्कन:</u> (१) दाबी रकम निर्धारण गर्दा वास्तविक रूपमा भएको क्षति, सम्बन्धित बीमालेखका शर्त, अधिक, ह्रास कट्टी तथा अन्य प्रचलित प्रावधानलाई ध्यानमा राखी क्षतिपूर्ति रकम निर्धारण गर्नु पर्नेछ।

(३) एकभन्दा बढी बीमालेखअन्तर्गत सुरक्षण भएको सम्पतिको क्षतिमा सम्बन्धित बीमालेखको जोखिम बहन तथा दायित्वका आधारमा समानुपातिक हिसाबले दाबी रकम निर्धारण गर्नु पर्नेछ।

२०. <u>दाबी अस्वीकार:</u> (१) दाबी पूर्ण वा आंशिक रूपमा अस्वीकार गर्नुपर्ने भएमा बीमकले सोको स्पष्ट कारण तथा आधार लिखित रूपमा बीमितलाई उपलब्ध गराउनु पर्नेछ।

(२) दाबी रकम कटौती गरिएको भएमा कटौतीको आधार, रकम तथा गणनाको विवरण बीमितलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्नेछ।

२१. <u>बीमकले अभिलेख राख्नु पर्ने</u>: बीमकले यस कार्यविधिअन्तर्गत प्राप्त प्रत्येक दाबीको छुट्टै अभिलेख राखी प्राधिकरणले निर्धारण गरे बमोजिम तथ्याङ्क पेश गराउनु पर्नेछ।

## परिच्छेद-७

## विविध

२२. <u>गलत विवरण वा झुट्टा दाबी गरेमा कारबाही हुने</u>: (१) दाबीसम्बन्धी विवरण, प्रमाण वा स्वघोषणा, झुट्टा वा गलत भएको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

(२) उपदफा (१) बमोजिम बीमितले झुट्टा वा गलत विवरण पेश गरेको पाइएमा बीमकले कानूनबमोजिम भुक्तानी भएको रकम फिर्ता माग गर्न तथा क्षतिपूर्ति असुलीसम्बन्धी अधिकार (Letter of subrogation) प्रयोग गर्न सक्नेछ।

२३. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा प्राधिकरणको अध्यक्षले प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।